## बैठक नं. ७

आज मिति २०७९ साउन ३० गते सोमबार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री श्यामकुमार अधिकारी | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |

Scanned with CamScanner

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| १ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| २ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |

**विषयवस्तुहरु**

१) कार्यसञ्चालन निर्देशिका, २०७९ सम्बन्धमा

२) सल्लाहकार व्यवस्था सम्बन्धमा

३) सरसफाईकर्मी र सडक/ढल मर्मत कामदार करार सेवामा लिने सम्बन्धमा

४) पूर्णता दिन बाँकी समितिहरुलाई पूर्णता दिने सम्बन्धमा

५) नक्सा नियमित सम्बन्धमा

६) विविध ।

**निर्णय नं. १**

कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई थप चुस्त, दुरुस्त, पारदर्शी, प्रभावकारी र मितव्ययी बनाउन कीर्तिपुर नगरपालिका कार्यसञ्चालन निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई थप प्रभावकारी बनाउन विभिन्न विधाका विज्ञहरुको राय सुझाव र सल्लाह आवश्यक पर्ने हुँदा तपशिल बमोजिमका व्यक्तिहरुलाई सल्लाहकार तोक्ने निर्णय गरियो ।

क) श्री बाबुकृष्ण महर्जन, वडा नं. १

ख) श्री श्रीराम महर्जन, वडा नं. ९

ग) डा. श्री हरिशंकर श्रेष्ठ, वडा नं. ९

घ) श्री ईन्द्र बहादुर शाक्य, वडा नं. ६

ङ) श्री दिल बहादुर महर्जन, वडा नं. ९

च) श्री दुर्कमान महर्जन, वडा नं. ५

छ) श्री प्रल्हाद थापा, वडा नं. ५

ज) ई. श्री विजय महर्जन, वडा नं. १०

झ) श्री बद्रिलाल महर्जन, वडा नं. ८

**निर्णय नं. ३**

कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई थप प्रभावकारी बनाउन नगर खेलकुद सञ्चालन कार्यविधि (संशोधन सहित), २०७५ बमोजिम तपशिल बमोजिमको नगर खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

क) नगर प्रमुख - संयोजक

ख) उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) श्री बिजय प्रकाश महर्जन, वडा नं. ३ - सदस्य

Scanned with CamScanner

ङ) श्री कृष्ण चन्द्र बानिया, वडा नं. ४ - सदस्य
च) श्री दिनेश चन्द्र नकर्मी, वडा नं. ९ - सदस्य
छ) श्री गुजे सिंह, वडा नं. ५ - सदस्य
ज) श्री दिलन श्रेष्ठ, वडा नं. १ - सदस्य
झ) श्री ज्ञानेन्द्र महर्जन, वडा नं. ६ - सदस्य
ञ) श्री रबिन्द्र महर्जन, वडा नं. १० - सदस्य
ट) श्री जनक अधिकारी, वडा नं. ५ - सदस्य
ठ) श्री पुरुषोतम बुढाथोकी, वडा नं. ४ - सदस्य
ड) श्री संग्रेस महर्जन, वडा नं. ८ - सदस्य
ढ) श्री दिपा खत्री, वडा नं. ६ - सदस्य
ण) श्री कबिन महर्जन, वडा नं. १० - सदस्य
त) श्री रोजित महर्जन, वडा नं. ७ - सदस्य
थ) श्री बिक्रीराज महर्जन, वडा नं. २ - सदस्य
द) श्री ननिता शाक्य, वडा नं. ९ - सदस्य
ध) श्री इच्छा महर्जन, वडा नं. १ - सदस्य
न) श्री ज्ञान रत्न महर्जन, वडा नं. ३ - सदस्य
प) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ४

कार्यपालिकाको बैठक नं. ६, निर्णय नं. ३ मा सफाई कर्मी १० जना सेवा करारमा लिने निर्णय भएकोमा सो लाई संशोधन गरि सफाईकर्मी (श्रेणीविहिन) - ६ जना, सडक/ढल मर्मत तथा सरसफाई कामदार (श्रेणीविहिन) – ४ जना करार सेवामा लिने निर्णय गरियो ।

निर्णय नं. ५

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०७६ बमोजिम लै.स.सा.स. नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्न निम्नानुसारको लै.स.सा.स. समिति गठन गर्ने निर्णय गरियो ।

क) नगर प्रमुख - संयोजक
ख) उप प्रमुख - सदस्य
ग) कार्यपालिका सदस्य, श्री विमला थापा (कार्की) - सदस्य
घ) कार्यपालिका सदस्य, श्री सुजाता सुनाम - सदस्य
ङ) सम्वन्धित क्षेत्रमा कार्य गर्ने कम्तीमा १ महिलासहित २ जना - सदस्य
च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
छ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

साथै, बुँदा नं. ङ का हकमा सम्वन्धित क्षेत्रमा कार्य गर्ने कम्तीमा १ महिलासहित २ जना सदस्य मनोनित गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने समेत निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ६

कार्यपालिका बैठक नं. ६ को निर्णय नं. ९ मा थप प्रष्ट पार्न आवश्यक भएकोले निम्न व्यहोरा प्रष्ट पारी सम्बन्धित निकायहरुमा लेखि पठाउने निर्णय गरियो ।

निम्न

"नापी विभागबाट प्राप्त भौगर्भिक व्यवस्थापन प्रणाली (GIS) नक्सामा बर्गिकृत कीर्तिपुर नगर क्षेत्रको कृषि क्षेत्रलाई हाल गैर कृषि क्षेत्रमा बर्गिकरण गर्ने "

निर्णय नं. ७

कार्यपालिका बैठक नं. ६ को निर्णय नं. १० लाई तपशिल बमोजिम सच्याउने निर्णय गरियो ।

"श्री विष्णुदेवि हेल्थपोष्टको नाममा रहेको कित्ता नं. ३०, क्षेत्रफल ५-०-०-० कलंकी काठमाण्डौमा दर्ता कायम रहेको जग्गा पाँगा बाल कुमारी स्वास्थ्य चौकीको नाममा नामसारीका लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।"

निर्णय नं. ८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको विशेष व्यवस्था बमोजिम उक्त ऐन प्रारम्भ हुन अघि (२०७४/०६/२९ अघि) तत्कालिन प्रचलित कानुन बमोजिम नक्सा पास गर्नुपर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरि बनाएको भवनको हकमा भवन निर्माण सम्वन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने नगरपालिकाले यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि ऐ. ऐ. ऐनको दफा ४२ मा भएको व्यवस्था पालना गरी/गराई नक्सा पास गर्न वा पास भएको नक्सामा हेरफेर गर्न स्वीकृत दिन सक्ने उल्लेख भएको हुँदा सोहि व्यवस्था बमोजिम यस अघि पनि ३५ दिने सार्वजनिक सूचना जारी भएकोमा उक्त समय पर्याप्त नभएको भनि व्यापक जनगुनासो रहेकोले उक्त जनगुनासोलाई सम्बोधन गर्न अन्तिम पटकको लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

२०७९ असार ३ गते कार्यपालिकाको दोस्रो बैठकको निर्णय नं. ५ बाट कीर्तिपुर खेलमैदान – आरसिसि रिटेनिङ्ग वाल निर्माण योजना अन्तरगत निर्माण भएको आरसिसि रिटेनिङ्ग वाल भत्केको विषयमा सत्यतथ्य छानविन गर्नका लागि गठित समितिले पेश गरेको प्रतिवेदनका आधारमा उक्त निर्माण कार्यमा संलग्न भएका निर्माण व्यवसायी, उपभोक्ता समितिहरुका पदाधिकारीहरु, अनुगमन समितिका पदाधिकारी र संलग्न प्राविधिक कर्मचारीहरुसँग छलफल समेत भईसकेको सन्दर्भमा उक्त भत्किएको रिटेनिङ वाल यथास्थितिमा दुरुस्त बनाउन निर्माण व्यवसायी र उपभोक्ता समितिलाई पत्राचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner